प्रदेश सरकार
गण्डकी प्रदेश
# आर्थिक मामिला तथा योजना मन्त्रालय
पोखरा, नेपाल

पत्र संख्याः ०७७/०७८
चलानी नं.: ५४४

मितिः २०७७/१२/०३

श्री स्थानीय तहहरु (सबै),
गण्डकी प्रदेश, पोखरा ।

विषयः अन्तरसरकारी वित्त हस्तान्तरणका लागि आयोजना तथा कार्यक्रम पेश गर्ने।

प्रस्तुत विषयमा प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ बमोजिम प्रदेश सरकारले प्रत्येक स्थानीय तहलाई सशर्त, समपूरक र विशेष अनुदानको रुपमा वित्त हस्तान्तरण गर्ने व्यवस्था रहेको छ । बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ र देहायमा उल्लेखित मार्गनिर्देशन बमोजिम आगामी आर्थिक वर्ष २०७८/०७९ को अन्तरसरकारी वित्त हस्तान्तरण गर्ने प्रयोजनका लागि प्रत्येक अनुदानका तीन/तीनवटा आयोजना तथा कार्यक्रमको प्राथमिकता तोकी कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा आवश्यक कागजात समेत संलग्न गरी चैत मसान्तभित्र यस मन्त्रालय समक्ष प्रस्ताव पेश गर्न निर्देशानुसार अनुरोध छ ।

देहाय

१. प्रदेशको अनुदानमा सञ्चालित क्रमागत आयोजना पुरा नभएको भए आर्थिक वर्ष २०७८/०७९ को अनुदान प्रस्तावमा पहिलो प्राथमिकताका साथ पेश गर्नुपर्नेछ ।
२. २ वर्ष भित्र सम्पन्न गर्न सकिने आयोजनालाई आवश्यकता र औचित्यता समेतको आधारमा प्राथमिकता दिनुपर्नेछ।
३. प्रदेशको दीर्घकालीन लक्ष्य प्राप्त गर्न निर्धारण गरिएका ७ वटा समृद्धिका संवाहकहरु (पर्यटन, उर्जा, कृषि, उद्योग, पूर्वाधार, मानव संशाधन र सुशाशन) ले समेट्ने क्षेत्रलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।
४. एउटा आयोजनाको वार्षिक वित्तीय हस्तान्तरण बापत अधिकतम रु. १ करोड र २ वर्षमा सकिने आयोजना भएमा रु. २ करोडसम्म माग गर्न सकिनेछ।
५. प्रदेश सरकारको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" मा व्यवस्था गरेको "स्थानीय तहमा वित्तीय हस्तान्तरण" मा उल्लेख भएका क्षेत्रहरुलाई प्राथमिकता दिनुपर्नेछ ।

गीता घिमिरे
शाखा अधिकृत